दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लू, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं. २०७७/०७८(योजना अनुगमन तथा तथ्याङ्क शाखा) मिति : २०७८/२/२८

च.नं. २२२०

श्री वडा कार्यालयहरु सबै,
दुल्लू नगरपालिका दैलेख ।

विषयः बजेट सिलिङ र कार्यतालिका तथा कार्यक्रम तर्जुमा मार्गदर्शन पठाइएको ।

प्रस्तुत सम्वन्धमा यस नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७८/२/१६ मा सम्पन्न बैठकको निर्णय अनुसार तहाँ वडामा आगामी आ.व. २०७८/०७९ का लागि देहाय अनुसार बजेट सिमा निर्धारण गरिएको र नगर कार्यपालिकाको मिति २०७८/२/२६ मा सम्पन्न बैठकको निर्णय अनुसार तपसिल बमोजिम नीति, कार्यक्रम तथा बजेट तर्जुमा कार्यतालिका स्वीकृत गरिएको हुँदा सोही अनुसार विषय क्षेत्रगत रुपमा वडागत योजना/कार्यक्रम तर्जुमा गरी मिति २०७८/०३/०३ गते भित्र यस कार्यालयमा E-Copy सहित पेश गर्नहुन अनुरोध गरिन्छ ।

२०७८।२।२८

.............................

(महेन्द्रजङ्ग शाही)

प्रमुख प्रशासकीय अधिकृत

| आगामी आ.व. ०७८/०७९ को वडागत बजेट सिमा | | | |
|---|---|---|---|
| क्र.स. | वडा नं. | रकम रु. | रकम रु. अक्षरमा |
| १ | १ | ७000000 | सत्तरी लाख |
| २ | २ | ७९00000 | उनासी लाख |
| ३ | ३ | ८१00000 | एकासी लाख |
| ४ | ४ | ७२00000 | बहत्तर लाख |
| ५ | ५ | ८000000 | असी लाख |
| ६ | ६ | १0000000 | एक करोड |
| ७ | ७ | ७000000 | सत्तरी लाख |
| ८ | ८ | ९000000 | नब्बे लाख |
| ९ | ९ | ७८00000 | अठहत्तर लाख |
| १० | १० | १0१00000 | एक करोड एक लाख |
| ११ | ११ | १२२00000 | एक करोड बाईस लाख |
| १२ | १२ | ८२00000 | बयासी लाख |
| १३ | १३ | ११२00000 | एक करोड बाह्र लाख |
| | कुल जम्मा | ११३७00000 | एघार करोड सैतीस लाख |

क्रमश

## आगामी आ.व. ०७८/०७९ को नीति कार्यक्रम तथा बजेट तर्जुमा कार्यतालिका

| क्र.सं. | कार्यक्रम | अवधि | | कैफियत |
|---|---|---|---|---|
| | | देखी | सम्म | |
| १ | नगर कार्यपालिकाबाट विषयगत शाखा र वडा कार्यालयलाई बजेट सिलिङ तथा मार्ग दर्शन प्रदान | २०७८/२/२६ | २०७८/२/२९ | |
| २ | टोल वस्ती हुँदै वडाबाट योजना तथा कार्यक्रम प्राममिकिकरण गरी नगरपालिकामा पठाउने | २०७८/२/३० | २०७८/०३/०३ | |
| ३ | विषयगत समितिको बैठक सञ्चालन | २०७८/०३/०५ | | |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७८/३/०५ | २०७८/३/०६ | |
| ५ | नगर कार्यपालिकाको बैठकबाट आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत | २०७८/३/७ | | |
| ६ | नवौं नगर सभामा आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट पेश | २०७८/३/१० | | |
| ७ | नगरसभामा प्रस्तुत नीति, बजेट, कार्यक्रम माथि छलफल तथा आवश्यक थपघट गर्नुपर्ने भए नगर कार्यपालिकामा पुनः छलफल | २०७८/३/१० | २०७८/३/२० | |
| ८ | नगर सभाबाट प्राप्त सुझाव उपर कार्यपालिकामा छलफल तथा निर्णय गरी परिमार्जित नीति कार्यक्रम तथा बजेट नगर सभामा पठाउने | २०७८/३/२० | २०७८/३/२५ | |
| ९ | उपप्रमुखद्वारा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट सहित नीतिगत निर्णय र अन्य ऐन समेत भए निर्णयार्थ सभामा पेश गर्ने | २०७८/३/२५ | २०७८/३/३० | |

बोधार्थ
श्री सूचना प्रविधि अधिकृत ज्यू, वेभसाइटमा अपलोड गर्नहुन

०७८/२/२८

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मिति २०७८।२।१६ का लागि प्रस्ताव तथा निर्णयहरु :

१) वजेट तथा कार्यक्रम तर्जुमाका आधार तयार तथा प्राथमिकता निर्धारण गर्ने सम्बन्धमा

२) विषय क्षेत्रगत वजेट तथा कार्यक्रम तर्जुमाका मार्गदर्शन तयार गर्ने सम्बन्धमा ।

३) दुल्लु नगरपालिकाको आगामी आ.व. ०७८।०७९ को वजेटको कूल सीमा (वजेट सिलिङ्ग) निर्धारण सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १:

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.ब. २०७८/०७९ का लागि वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा "स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४" को बुँदा नं. २,३ र ४ का प्रावधानहरुको आधारमा गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.ब. २०७८/०७९ का लागि नगर स्तरीय वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विषय क्षेत्रगत वजेट तथा कार्यक्रम तर्जुमाका लागि मार्गदर्शन तयार गर्ने सम्बन्धमा छलफल गर्दा चालु १५ औं योजना, नेपाल सरकार अर्थ मन्त्रालय,कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त मार्गदर्शन, योजना तथा कार्यक्रम र बजेट तर्जुमा दिग्दर्शन, आवधिक योजना प्राथमिकताका क्रममा रहेको मध्यकालिन योजना र खर्चलाई भावि आधारमानि आगामी आ.व. मा केहि योजनाहरुमा रकम विनियोजन गर्नुपर्ने, नगरपालिकाको आवधिक योजनाले परिलक्षित गरेका उद्धेश्यका अतिरिक्त देहाय अनुसारका थप मार्गदर्शनहरु पालना गर्ने गराउने गरी योजना तथा कार्यक्रम प्राथामिकिकरण गरी तर्जुमा गर्ने निर्णय गरियो ।

(क) नगर कार्यपालिका कार्यालयको वजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरु:

१.नगर गौरवका अधुरा योजनाहरुलाई निरन्तरता दिनुपर्ने र नगरको समग्र विकासका लागि नयाँ योजनाहरु पहिचान गर्नु पर्ने,

२.साझेदारीमा कार्य गर्ने गरी सम्झौता भईसकेका योजनाहरुलाई पुग्ने गरी रकम विनियोजन गर्ने र थप साझेदार दातृ संस्था पहिचान गरी लागत साझेदारी रकमको समुचित प्रबन्ध गर्नुपर्ने,

३.नगरका समसामयिक सवालहरु जस्तै कर्मचारी कल्याणकोष, विपत व्यवस्थापन कोष, मर्मत संभारकोष, महिला, दलित, जनजाति, अपाङ्ग, जेष्ठनागरीक, युवा लगायत पिछडीएका लक्षीत वर्गका कार्यक्रम सम्बोधन हुने गरी योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने,

४.सालवसाली गर्नै पर्ने अनिवार्य प्रकृतिका जनसरोकारका सामान्य विषयवस्तुहरु समेटी कार्यक्रम तर्जूमा पर्ने,

५. आय आर्जन तथा रोजगारी वृद्धि,भौतिक पूर्वाधार,मर्मत संभार र कोभिड १९ रोकथाम तथा उपचार र अन्य व्यवस्थापकीय कार्यहरु

६. नगरपालिका क्षेत्र भित्र रहेका सांस्कृतिक सम्पदा, धार्मीक एवम् ऐतिहासिक स्थलहरुको संरक्षण र पर्यटन, प्रवर्द्धन हुने खालका योजनाहरु

महेन्द्रजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

७. नगरपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न र शिक्षक विद्यार्थीको अनुपातका आधारमा समान तहका शिक्षकहरुको पारीश्रमिकमा एकरुपता कायम हुने गरी नगरपालिकाले आवश्यक समन्वय गर्ने,

८. अन्य आवश्यक विषयवस्तुहरु ।

(ख) विषयगत शाखाहरुले कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरु:

१. प्राप्त बजेट सिलिङका आधारमा प्राथामिकता तोकी कार्यक्रम तर्जुमा गर्ने,

२. उत्पादनमूलक, आय आर्जनवृद्धि र रोजगारी सृजना हुने कार्यक्रमहरु,

३. जनस्वास्थ्य प्रवर्द्धन हुने चेतनामूलक कार्यक्रमहरु,

४. लैगिक समानता र सामाजिक समावेशीकरण,प्रवर्द्धन हुने कार्यक्रमहरु,

५. संस्थागत सवलीकरण गर्ने प्रकृतिका कार्यक्रमहरु,

६.विषयगत शाखाबाट कार्यक्रम तर्जुमा गर्दा दोहोरो पर्ने गरी अनुगमन,भ्रमण,कार्यालय सञ्चालन जस्ता प्रशासनिक प्रकृतिका शीर्षकमा विनियोजन गरी खर्च गर्न पाईने छैन ।

७) विषयगत शाखाले आवश्यक देखेका तर बजेट अपुग भएका नवप्रवर्द्धन हुने खालका कार्यक्रमहरु र लाग्ने अनुमानित खर्चको विवरण तथा लिनु पर्ने नयाँ नीतिगत निर्णयका लागि आवश्यक मस्यौदा तयार गरी नगर कार्यपालिका मार्फत सम्वन्धित विषयगत समितिमा छलफल तथा निर्णयका लागि पठाउने ।

(ग) वडा कार्यालयहरुले योजना प्राथामिकिकरण र तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरु:

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,

२. उत्पादनमुलक र छिटो प्रतिफल दिने,

३. राजश्व परिचालनमा योगदान पुर्‍याउने,

४. सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,

५. स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ,

६. लैगिंक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,

७. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा सहयोग पुर्‍याउने,

८. समुदायलाई विपद् तथा जलवायू परिवर्तन संग समायोजन हुने किसिमका योजना छनौट गर्ने ,

९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने खालका आयोजनाहरु,

१०. वडा कार्यालयले आयोजना छनौट गर्दा माथिका अतिरिक्त देहायका कुरामा विशेष ध्यान दिने,

क) प्राथमिकताक्रम तोकी आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने ,

ख) आयोजना छनौट गर्दा सकभर एकै आ.व.मा सम्पन्न हुने गरी प्रयाप्त वजेटको व्यवस्था गर्ने, तर ठुला आयोजनाको हकमा बढीमा ३ वर्ष भित्र सम्पन्न हुने गरी स्रोतको सुनिश्चितता गर्ने ,

ग) योजना छनौट र वजेट विनियोजन गर्दा सम्वन्धित वडाका प्राविधिकवाट सम्भाव्यता अध्ययन गरी कार्यान्व्यन गर्ने सुनिश्चितता गराएर मात्र गर्ने ,

घ) वडालाई प्राप्त बजेट सिलिङको आधारमा रही कम्तीमा ६० प्रतिशत रकमबाट कम्तीमा १५ लाख भन्दा माथिका ठुला पूर्वाधारजन्य आयोजनाहरु र बढीमा ४० प्रतिशत रकमबाट प्रर्वद्धनात्मक प्रकृतिका कम्तीमा ५ लाख भन्दा माथिका आयोजना तथा कार्यक्रमहरु मात्र छनौट गर्ने, टुक्रे तथा वितरणमुखी योजना छनौट नगर्ने,

महेन्द्रजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

ङ) वडालाई प्राप्त रकमवाट अवलोकन भ्रमण, जात्रा मेला, चन्दा दिने जस्ता अनुत्पादक क्षेत्र र अन्य प्रशासनिक एवं संचालन खर्चमा रकम विनियोजन गर्न नपाईने,अनावश्यक रुपमा दीर्घकालीन दायित्व सृजना हुने गरी विना मापदण्ड कर्मचारी नियुक्त गर्ने गरी रकम विनियोजन नगर्ने,

छ) विश्वमा फैलिएको कोरोना भाईरस रोगको दोश्रो लहरका कारण प्रभावित नागरिकहरुलाई रोजगारी सृजना हुने खालका आयोजना तथा कार्यक्रमहरु प्राथमिकताकासाथ छनौट गर्ने,

ज) वडा कार्यालयले आफुलाई प्राप्त बजेट सिलिङ मध्ये योजनागत रकम विनियोजन गर्दा कम्तीमा २० प्रतिशत एकमुष्ट रकम छुट्याई सो रकमबाट वडामा सञ्चालन हुने विभिन्न निकायसँगको लागत साझेदारी गर्ने,कोभिड १९ लगायत विभिन्न स्थानीय प्रकोप विपद् व्यवस्थापनमा खर्च गर्ने र  पूर्वाधारजन्य योजना बनाई खर्च गर्ने व्यवस्था मिलाउने ।

ञ) वडाबाट सम्पन्न गर्न नसकिने तर  रु. १ करोडभन्दा माथि लगानी हुने आयोजनाको हकमा संघीय सरकार र रु. ५० लाखभन्दा माथि लगानी हुने आयोजनाको हकमा कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा अन्य निकायसँग माग गर्नुपर्ने खालका आयोजनाहरु समेत छनौट गरी अनुमानित लागत समेत उल्लेख गरी पठाउने ।

ट) वडाबाट सञ्चालन हुने गरी छनौट भएका आयोजना तथा कार्यक्रमहरु विशेष परिस्थिति बाहेक पछि संशोधन गर्न नपर्ने गरी वडा समितिको निर्णय प्रतिलिपि सहित निर्धारित ढाँचामा पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत